

# १२ कसैले हल्लाउन नसक्ने राज्य प्राप्त गर्न

***यस अध्यायका मूल पदहरू:*** **हिब्रू १२:१८-२९; प्रस्थान ३२:३२; दानिएल ७:९,१०,१३-२२; हग्गै २:६-९, २०-२२; भजन १५:५; भजन १६:८ र हिब्रू १३:१५,१६।**

***यस अध्यायको मूल सार पद:*** **"यसकारण हल्लाउन नसकिने राज्य पाएकोमा हामी कृतज्ञ होऔं। त्यसैले हामी भक्ति र भयसाथ परमेश्वरलाई ग्रहणयोग्य हुने आराधना चढ़ाऔं" (हिब्रू १२:२८)।**

हिब्रूको पुस्तकको चरमअवस्था वा मानौं सगरमाथाको टुपो हिब्रू १२:१८-२९ हो। यसलाई हामी यस अध्यायमा नियाल्नेछौं। जुन धारण राखेर यो पुस्तक वा पत्र सुरु गरियो त्यही धारणालाई दोहोऱ्याउँदै पत्रलाई निश्कर्षमा पुऱ्याउँछन्: आफ्नो पुत्रबाट व्यक्तिगतरूपमा परमेश्वर हामीसँग बोल्नुभयो, र हामीले बढो होशियारसाथ उहाँ र उहाँको वचनमा तल्लिन हुनुपर्दछ(हिब्रू १:१,२; हिब्रू १२:२५)। येशूको बारेमा हिब्रूको पुस्तकमा के बयान गर्न खोजिएको छ, सो हिब्रू १२:२२-२४ मा सारांशमा उल्लेख गरिएको छ: येशू ख्रीष्ट नयाँ करारको मध्यस्थकर्ता हुनुहुन्छ, र उहाँको रगतले विश्वासीहरूलाई मुक्ति उपलब्ध गराउँदछ। हाम्रो निम्ति उहाँको पुजारीय कार्य र शाही सेवाकार्यर् स्वर्गका सारा जीवहरूको निम्ति उत्सब मनाउने अवसर प्रदान गरिन्छ। आखिरमा आएर हिब्रू १२:२५-२९मा अन्तिम र चरम उपदेश पावलले समावेश गर्दछन्: परमेश्वरको इन्साफ आउँदैछ। उहाँका शत्रुहरूलाई उहाँले नाश गर्नुहुनेछ, तर उहाँका जनहरूलाई दोषमुक्त गर्दै तिनीहरूलाई उहाँको राज्य सुम्पनुहुनेछ (हिब्रू १२:२८,२९)।

क्रूसमा येशूले प्राप्त गर्नुभएको उपलब्धीको महत्त्वप्रति प्रतिवद्धता व्यक्त गर्दै पावलले पत्रलाई अन्तिम चरणमा पुऱ्याउँछन् र विश्वासीहरूको सबै ध्यान येशूले विजयसाथ उहाँको दोस्रो आगमनमा आफूले गर्नुहुने सम्पूर्ण कार्यतिर लगाउँछन्। दानिएल ७मा चित्रण गरिएको चित्र पावलले आफ्ना पाठकहरूलाई यसरी याद दिलाउँछन् कि येशूले परमेश्वरको राज्य पाउनुभएको छ, जो न्यायकर्ता हुनुहुन्छ (दानिएल ७:९-१४), र उहाँको राज्यमा विश्वासीहरूलाई सहभागी गराउनुहुनेछ अर्थात् दानिएल ७:१८को चरितार्थ हुनेछः "सर्वोच्चका पवित्र जनहरूले यो राज्य पाउनेछन् र सदासर्वदाको लागि अधिकार गर्नेछन्— हो, सदासर्वदाको लागि÷।"

## १. तिमीहरू सिनै पहाडमा आयौ

**पावलले हिब्रू १२:२२-२४मा के वर्णन गरिरहेका छन्? हेर्नुहोस्, "२२ तर तिमीहरू त सियोन पर्वतमा आएका छौ, जीवित परमेश्वरको सहर, स्वर्गीय यरूशलेममा, र असंख्य स्वर्गदूतहरूको आनन्द-उत्सवमा आएका छौ। २३ स्वर्गमा नाउँ दर्ता भएका पहिला जन्मेकाहरूका सभामा तिमीहरू आएका छौ। तिमीहरू सबका न्यायकर्ता परमेश्वरकहाँ, सिद्ध पारिएका धार्मिक मानिसहरूका आत्माका बीचमा, २४ र नयाँ करारका मध्यस्थ येशूको सम्मुख तथा छर्किएको त्यस रगतको सामु आएका छौ, जसले हाबिलको रगतभन्दा अझ उत्तम वचन बोल्दछ।"**

हामीहरू सिनै पहाडमा आएका छौं र महान् उत्सवमा भाग लिएका छौं भनेर हिब्रूको पुस्तकले यसरी ठोकुवा गर्दछ, "तिमीहरू त सियोन पर्वतमा आएका छौ, जीवित परमेश्वरको सहर, स्वर्गीय यरूशलेममा, र असंख्य स्वर्गदूतहरूको आनन्द-उत्सवमा आएका छौ।" हाम्रो प्रतिनिधी येशूलाई विश्वास गर्दै उहाँद्वारा नै स्वर्गको यरुशलेममा आएका छौं। यस उत्सबमा अनगिन्तियौं स्वर्गदूतहरू हामी देख्दछौं, साथै परमेश्वर आफै, र येशू, जोकि उत्सबको केन्द्रविन्दु हुनुहुन्छ। "स्वर्गमा नाउँ दर्ता भएका पहिला जन्मेकाहरूका सभामा" सहभाग लिन हामी आएका छौं (हिब्रू १२:२३)। हाम्रा नाउँहरू स्वर्गका पुस्तकहरूमा दर्ता भएका छन्। ती पुस्तकहरूमा परमेश्वरका विश्वासी जनहरूका सूची छन् (प्रस्थान ३२:३२, भजन ५६:८, दानिएल १२:१, मलाकी ३:१६, लूका १०:२०, प्रकाश १३:८, प्रकाश १७:८)।

हामीहरू "पहिला जन्मेका वा जेष्ठ नागरिक हौं" किनभने हामी सर्वोच्च र सर्वोत्तम पहिला जन्मेका वा जेष्ठ येशूसँग उहाँको राज्यमा सहभागी हुन्छौं (हिब्रू १:६)। अब हामी पाहुनाहरू जस्तो भएर परमेश्वरको राज्यमा आउँदैनौं तर नागरिकहरू भएर आउँछौं (हेर्नुहोस्, "हाम्रो नागरिकता स्वर्गमा छ। त्यहाँबाट आउनुहुने मुक्तिदाता, अर्थात् प्रभु येशू ख्रीष्टको प्रतीक्षा हामी गर्दछौं" फिलिप्पी ३:२०)। हाम्रो बारेमा हिब्रू १२:२३ यसरी पनि वाख्या गरिएको छ, "सिद्ध पारिएका धार्मिक मानिसहरूका आत्माहरू।" यस प्रकारले व्यक्त गरिएको शैलीले मानव स्वभावको पूरै आयामलाई देखाउँछ। यो हिब्रू १२:९मा उल्लेख गरिएको "आत्माको पिता"सँग मिल्दोजुल्दो छ। यसले परमेश्वर हाम्रो सबैका पिता हुनुहुन्छ भनेर सम्बोधन गर्दछ। तर, हामी मानव प्राणीहरू हौं जसमा आत्मिक स्वभावहरू वा गुणहरू छन्।

येशूको शाही शासन, पूजारिय सेवाकार्य, नयाँ करारको उद्घाटन गर्न उल्लासमय वातावरणमा उत्सव मनाउँदै स्वर्गका दूतहरू जम्मा हुन्छन्। हिब्रूको पुस्तकमा, ती सबै घट्नाहरू सियोनको पहाड हुन्छ भनेर बताइएको छ। पुत्रलाई सिंहासनमा बसालिएको र त्यो ठाउँ सिनै पहाडमा भएको भनेर हिब्रू १:५-१४मा भजनसंग्रहको तीन भजनहरूलाई उद्धृत गर्दै बयान गर्दछ (भजन २:६,७; भजन ११०:१,२; भजन १०२:२१-२७)।

सिनै पहाड त्यो पहाड हो जहाँ पुत्रलाई सदाको निम्ति पूजारी नियुक्ती गरिएको थियो (हिब्रू ५:६)। यो भजन ११०:४ लाई उतार्दै बताइएको छ। भजन ११०कै अनुसार पुत्रलाई महा पूजारीमा नियुक्त गरिएको ठाउँ पनि सिनै पहाड हो (भजन ११०:२)। अन्तमा आएर, हिब्रूको पुस्तकले यो पनि जिकिर गर्दछ कि येशूलाई पूजारि पदमा नियुक्ति गर्दा नयाँ करारको पनि उद्घाटन भएको थियो (हिब्रू ७:११-२२)। यसरी, सिनै पहाडमै नयाँ करारलाई अनुमोदन गरिएको थियो। जब येशू सिंहासनमा उक्लिनुभयो तब जम्मा भएका स्वर्गदूत वा स्वर्गका जीवहरूको बीचमा उल्लासमय वातावरण फैलिएको थियो भनेर हिब्रू १२:२२-२४ ले वर्णन गर्दछ।

**वास्तविकरूपमा भन्ने हो भने जब हामी परमेश्वरको आराधना गर्नेबेलामा जम्मा हुन्छौं तब येशूको पूजारिय सेवा कार्य, र हाम्रो जीवनमा नयाँ करार रोपिएकोले हर्षोउल्लासको वातावरण हुनुपर्दछ। तर, त्यसलाई व्यवहारिकरूपमा हामीले कसरी उतार्ने? सेवाकार्यमा जम्मा हुँदा आनन्द हुन**

सक्नु नै हामीमा भएको त्यो महान् सत्यप्रति प्रतिवद्धता जनाउने काम किन हुनुपर्दछ?

## २. तिमीहरू सबैका न्यायकर्ता, परमेश्वरको सामु आएका हौ

हिब्रू १२:२३ले उत्सवको समय भनेर उल्लेख गरिएको छ। परमेश्वरलाई किन न्यायकर्ताको रूपमा चिनाइएको छ? हेर्नुहोस्, "*२३ स्वर्गमा नाउँ दर्ता भएका पहिला जन्मेकाहरूका सभामा तिमीहरू आएका छौ। तिमीहरू सबका न्यायकर्ता परमेश्वरकहाँ, सिद्ध पारिएका धार्मिक मानिसहरूका आत्माका बीचमा,* २४ र नयाँ करारका मध्यस्थ येशूको सम्मुख तथा छर्किएको त्यस रगतको सामु आएका छौ, जसले हाबिलको रगतभन्दा अझ उत्तम वचन बोल्दछ" (हिब्रू १२:२३-२४)। परमेश्वरको न्यायलयको सामु भेला हुनु नै हाम्रो निम्ति किन उत्साहको समय हो? हेर्नुहोस् देहायका पदहरू, "९ जसै मैले हेरें, सिंहासनहरू बसालिए, र अति प्राचीन आफ्नो सिंहासनमा बस्नुभयो। उहाँका लुगा हिउँजस्तै सेता थिए, उहाँको शिरको केश ऊनजस्तै सेतो थियो। उहाँको सिंहासनमा बलिरहेको आगोको ज्वाला थियो, र त्यसका चक्काहरूमा दन्केको आगो थियो। १० उहाँको सामुबाट आइरहेको आगोको एउटा नदी बगिरहेको थियो। हजारौं हजारले उहाँको सेवा गर्थे; दश हजार गुणा दश हजार उहाँको सामु उभिएका थिए। न्यायको निम्ति अदालतको बैठक बसेको थियो, र पुस्तकहरू खोलिए।...१३ "राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। १४ उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।

१५ "म, दानिएल, आत्मामा बेचैन भएँ, र मैले पाएका दर्शनहरूले मलाई विचलित तुल्याए। १६ त्यहाँ उभिएकाहरूमध्ये एक जनाकहाँ म गएँ र यी सबै कुराको सत्य अर्थ बताउन अनुरोध गरें। "यसकारण उनले मलाई यी कुराको अर्थ बताइदिए: १७ 'चार ठूला पशुहरूचाहिँ पृथ्वीमा खड़ा हुने चार राज्यहरू हुन्। १८ तर सर्वोच्चका पवित्र जनहरूले यो राज्य पाउनेछन् र सदासर्वदाको लागि अधिकार गर्नेछन्— हो, सदासर्वदाको लागि÷। १९ "तब

**मैले त्यो चौथो जनावरको साँचो अर्थ जान्न चाहें, जुनचाहिँ फलामका दाँत र काँसाका नङ्ग्रा भएको अरूभन्दा फरक र अत्यन्तै डरलाग्दो थियो— त्यो जनावर जसले आफ्नो शिकारलाई चपाएर खाइदियो र बाँकी रहेकालाई खुट्टाले कुल्चीमिल्ची पाऱ्यो। २० मैले त्यसको टाउकोमा भएका दश सीङका बारेमा र त्यहाँबाट निस्केको अर्को सीङको बारेमा पनि जान्न चाहें, जसको सामु तीमध्ये तीन वटा सीङ झरे— त्यो सीङ जो अरूभन्दा प्रभावशाली देखिन्थ्यो र जसका आँखा र अभिमानपूर्ण कुरा गर्ने मुख थिए। २१ जसै मैले हेरें, त्यो सीङ पवित्र जनहरूका विरुद्ध लड़ाइँ गर्दैथियो र तिनीहरूलाई परास्त गर्दैथियो, २२ जबसम्म ती अति प्राचीन आएर सर्वोच्चका पवित्र जनहरूको पक्षमा इन्साफको घोषणा गरे, अनि समय आयो जब तिनीहरूले राज्य अधिकार गरे" (दानिएल ७:९,१०, १३-२२)।**

हिब्रू १२:२२-२४मा उल्लेख गरिएको न्यायको उत्सव वा समारोह भविष्यमा गरिने आभास् दिएको छ। न्यायमूर्ति परमेश्वर, न्यायको आशनमा विराजमान हुन्छन्, पुस्तकहरू खोल्दछन्। यो भविष्यमा गरिने न्यायमा परमेश्वरका जनहरूको नाउँहरू उल्लेख गरिएका छन्, जसले राज्य पाउनेछन् (हिब्रू १२:२३)।

यो दृश्यले येशू आउनुहुँदा पहिले आउने न्यायको बारेमा जानकारी दिँदछ जुन दानिएल ७मा उल्लेख गरिएको छ। यसमा परमेश्वरको अदालतको दृश्यको चित्रण गर्दछ। उहाँ "अति प्राचिन अर्थात् सनातन" (दानिएल ७:९) हुनुहुन्छ जो सिंहासनमा बस्नहुन्छ। त्यो सिंहासन आगोको हुन्छ र दश हजारौं गुणा दश हजार स्वर्गदूतहरू त्यको वरिपरि हुन्छन् (दानिएल ७:१०)। पुस्तकहरू खोलिन्छ (दानिएल ७:१०), र त्यहाँ भएको न्यायले सर्वोच्च परमेश्वरका सन्तहरूको पक्षमा न्याय गरिन्छ, र त्यसपछि तिनीहरूलाई राज्य दिइन्छ (दानिएल ७:२२)।

यही खालको न्यायको दृश्य हिब्रू १२:२२-२९मा वर्णन गरिएको छ। त्यो सिनै पहाडमा हुन्छ जुन स्वर्गको यरुशलेम हो, जहाँ सबैको न्यायकर्ता परमेश्वर बिराजमान हुन्छन् र हजारौं हजार स्वर्गदूतहरू उहाँको वरिपरि हुन्छन्। यो दृश्य पनि अग्निमय छ (हिब्रू १२:२९)। यसमा पनि पुस्तकहरू समावेश भएका छन् किनभने तिनीहरूमा सन्तहरूको नाउँहरू दर्ता भएका छन् र त्यो न्याय परमेश्वरका सन्तहरूको पक्षमा गरिन्छ भनेर आभास् दिँदछ।

त्यो दृश्यको केन्द्रविन्दु येशू हुनुहुन्छ (हिब्रू १२:२४)। उहाँलाई मानिसको पुत्र भनेर हिब्रू २मा सम्बोधन गरिएको छ। उहाँलाई सम्मान र महिमाको मुकट लगाइदिएको छ। त्यो मुकुट उहाँले हाम्रो लागि मृत्यु चाख्नुभएकोले पाउनुभएको हो (हिब्रू २:९)। हिब्रू २:१०मा "मानिसको पुत्रले" (हिब्रू २:६) दुःखकष्ट र यातना सहनुभयो ताकि धेरै सन्तानहरूलाई महिमामा उहाँले ल्याउन सकोस्। त्यसको अर्थ, विश्वासीहरूले पनि महिमा र सम्मानको मुकुट लगाउन सकोस्। पुत्रले अब विश्वासी अर्थात् उहाँका भक्तजनहरूलाई सिनै पहाडमा ल्याउनु भयो जुन स्वर्गिय यरुशलेम हो। येशूको नयाँ करारको फाइदा उठाएर तिनीहरू त्यहाँ आएका छन् (हिब्रू १२:२२-२४)। त्यही ठाउँमा तिनीहरूलाई राज्य दिइने प्रतिज्ञा पनि गरिएको छ (हिब्रू १२:२८)।

यो न्याय त येशूका भक्तजनहरूको निम्ति वास्तविकरूपमा सुसमाचार हो किनभने त्यो न्याय तिनीहरूको पक्षमा गरिएको हुन्छ। यसले तिनीहरूलाई निर्दोष ठहऱ्याउँछ। यस न्यायले तिनीहरूको प्रतिद्वन्द्वी, अजिङ्गर वा सैतानलाई परास्त्र गरिनेछ। विगतको समयमा परमेश्वरका भक्तजनहरूलाई भयानक यातना दिन पशुहरूलाई सघाउने त्यही सैतान थियो (दानिएल ७) र भविष्यमा पनि येशूका सन्तहरूलाई यातना दिने, सास्ती दिने त्यही अजिङ्गर वा सैतान हो (प्रकाश १३)।

**अहिले हामीले जे अध्ययन गऱ्यौं त्यसले तीन स्वर्गदूतहरूका सन्देशमा उल्लेख गरिएको परमेश्वरको न्याय किन "सुसमाचार" भनेर बुझाउन सघाउँछ? (प्रकाश १४:६,७सँग देहायका पदहरू तुलना गर्नुहोस्: "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर" (प्रकाश १४:६-७), व्यवस्था ३२:३६ "जब तिनीहरूको बल घटेको र बँधुवा वा फुक्का केही नरहेको उहाँले देख्नुहुन्छ। तब परमप्रभुले आफ्ना मानिसहरूको इन्साफ गर्नुहुनेछ, र आफ्ना सेवकहरूलाई टिठ्याउनुहुनेछ।" र १ इतिहास १६:३३-३५ "३० हे सारा पृथ्वी, उहाँको सामु थरथरी होओ। संसार स्थिर रूपले स्थापित भएको छ, त्यसलाई हल्लाउन सकिँदैन। ३१ स्वर्ग आनन्दित होस्, र पृथ्वी रमाओस्, जाति-जातिहरूका बीचमा मानिसहरूले यसो भनेर प्रचार गरून्, "परमप्रभु नै**

**राज्य गर्नुहुन्छ।" ३२ समुद्र र तिनमा भरिएका सबै थोकले हर्षनाद गरून्। खेत र त्यसमा भएका सबै कुरा उल्लसित होऊन्। ३३ तब जङ्गलमा भएका वृक्षहरू गाउनेछन्, तिनीहरू परमप्रभुको सम्मुख आनन्दले गाउनेछन्, किनकि उहाँ पृथ्वीको न्याय गर्न आउनुहुन्छ। ३४ परमप्रभुलाई धन्यवाद देओ, किनभने उहाँ भला हुनुहुन्छ, उहाँको प्रेम सदासर्वदा रहिरहन्छ। ३५ यसो भनेर कराओ, "हे हाम्रा उद्धारक परमेश्वर, हामीलाई बचाउनुहोस्। हामीलाई एकसाथ भेला गर्नुहोस्, र जाति-जातिहरूबाट छुटकारा दिनुहोस्, र हामी तपाईंको पवित्र नाउँमा धन्यवाद दिन सकौं, र तपाईंको प्रशंसामा हामी गर्व गरौं।" ३६ परमप्रभु इस्राएलका परमेश्वरको सदासर्वदै प्रशंसा होस्। तब सबै मानिसहरूले भने, "आमेन, र परमप्रभुको स्तुति होस्" (१ इतिहास १६:३०-३६)**

## ३. आकाशहरू र पृथ्वीलाई हल्लाऊ

अत्यन्तै उल्लासमय वातावरणमा उत्सव मनाउँदै स्वर्गदूतहरू स्वर्गमा जम्मा भएका थिए भन्ने आफ्नो भनाइ राखेको लगत्तै पावलले आफ्ना पाठकहरूलाई यो सतर्क गराउँछन्ः तिनीहरूले परमेश्वरका वचन वा आवाजप्रति ध्यान दिनु जरुरी छ किनभने उहाँले फेरि एक पल्ट पृथ्वीमात्र होइन आकाश वा नक्षत्रहरू पनि हल्लाउनुहुनेछ (हिब्रू १२:२६ रूपान्तरित)। येशूलाई स्वर्गको सिंहासनमा बिराजमान गरिनुभएतापनि, हाम्रो मुक्ति अझै पनि पूरा भएको छैन। एउटा महत्त्वपूर्ण घट्ना हुनै बाँकि भएकोले हामी बढो सतर्क भएर वा ध्यान दिएर चल्नु आवश्यक छ भन्ने कुरामा निश्चय हुनुपर्दछ। त्यो हो, परमेश्वरले आकाश वा नक्षत्रहरू र पृथ्वीलाई हल्लाउनुहुने (याद गर्नुहोस्, नेपाली बाइबलमा केवल आकाशमात्र भनेको छ तर अङ्ग्रेजी अनुवादहरूमा आकाशहरू भनेको छ। आकाश भन्दा केवल हाम्रो नाङ्गो आँखाले देखिने आकाशमात्र हुन्छ तर आकाशहरू भन्दा अरू आकाश वा नक्षत्रहरू भनेर बुझाउँछ-अनुवादक)।

**देहायका पदहरू पढ्नुहोस्। परमेश्वरले आकाशहरू वा नक्षेत्रहरू र पृथ्वी हल्लाउनुको लक्ष्य के हो? यसको अर्थ के हो? हेर्नुहोस्, हाग्गै २:६-९, २०-२२ "६ "सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, 'अब थोरै बेरपछि म फेरि आकाश, पृथ्वी, समुद्र र सुक्खा जमिनलाई हल्लाउनेछु। ७ म सबै जाति-जातिहरूलाई हल्लाउनेछु, र इच्छा भएका सबै जातिजातिका मानिसहरू**

**आउनेछन्, र म यस भवनलाई महिमाले परिपूर्ण पारिदिनेछु÷ भनी सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। ८ 'चाँदी मेरै हो, र सुन पनि मेरै हो÷ भनी परमप्रभु भन्नुहुन्छ। ९ 'यस भवनका पछिको महिमा अघिको भन्दा अझ बढ्ता हुनेछ÷ भनी सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। 'अनि यस ठाउँमा म शान्ति प्रदान गर्नेछु,÷ सर्वशक्तिमान् परमप्रभु घोषणा गर्नुहुन्छ।...२० अनि त्यही नवौं महिनाको चौबीसौं दिनमा दोस्रो चोटि परमप्रभुको वचन हाग्गैकहाँ आयोः २१ "यहूदाको राज्यपाल यरुबाबेललाई भन्, कि म आकाशहरू र पृथ्वीलाई हल्लाउनेछु। २२ म राजकीय सिंहासनहरूलाई पल्टाउनेछु, र विदेशी राज्यहरूको शक्तिलाई म चूर्ण पार्नेछु। म रथहरू र तिनमा सवार हुनेहरूलाई पल्टाइदिनेछु। घोड़ा र घोड़चढ़ीहरू आफ्ना-आफ्नै दाजुभाइहरूको तरवारबाट काटिनेछन्÷।", भजन ९६:९,१० "९ उहाँका पवित्रताको वैभवमा परमप्रभुलाई दण्डवत् गर, हे सारा पृथ्वी, उहाँको सामु थरथरी होओ। १० जातिहरूका बीचमा भन, "परमप्रभु राज्य गर्नुहुन्छ।" संसार स्थिर रूपले स्थापित भएको छ, त्यसलाई हल्लाउन सकिँदैन। उहाँले मानिसहरूको न्याय निष्पक्षसाथ गर्नुहुनेछ।", भजन ९९:१ "परमप्रभुले राज्य गर्नुहुन्छ, जाति-जातिहरू कम्पायमान होऊन्। उहाँ करूबहरूका बीचमा विराजमान हुनुहुन्छ, पृथ्वी हल्लिउठोस्।" र हिब्रू १२:२५-२७ "२५ होशियार बस, जो बोल्दैहुनुहुन्छ, उहाँलाई तिमीहरू इन्कार नगर। किनकि यदि पृथ्वीमा चेताउनी दिनुहुनेलाई इन्कार गर्नेहरू उम्केनन् भने स्वर्गबाट चेताउनी दिनुहुनेलाई अस्वीकार गऱ्यौं भने हामी कसरी उम्कन सक्छौं? २६ उहाँको सोरले त्यस बेला पृथ्वी काम्यो, तर अब त उहाँले यसो भनेर प्रतिज्ञा गर्नुभएको छ, "अझ एक पल्ट, पृथ्वी मात्र होइन, तर स्वर्गलाई समेत म हल्लाउनेछु।" २७ "अझ एक पल्ट" भन्ने वचनले यो देखाउँछ, कि हल्लाउन सकिने कुराहरू, अर्थात् सृष्टि भएका कुराहरू हटाइनेछन्, तर हल्लाउन नसकिने कुराहरू स्थिर रहनेछन्।"**

पुरानो करारमा पृथ्वी हल्लिनुको विशेष अर्थ छ। त्यसले साधारणतया परमेश्वरको उपस्थितिलाई जनाउँछ। त्यसबेला उहाँका जनहरूलाई उद्धार गर्न उहाँ देखा पर्नुहुन्छ। जब परमेश्वरको महिला अगमवक्ता तथा न्यायकर्ता देवोरा, र बाराक शत्रुदेशको सेनापति सिसरासँग युद्ध गरे तब तिनीहरूको निम्ति परमेश्वरले स्वर्गबाट युद्ध गर्नुभएको थियो (न्यायकर्ता ५:४,५)। उहाँको उपस्थितिमा शक्तिशाली भूकम्प गएको, पृथ्वी र पहाडहरू हल्लेको

थियो (न्यायकर्ता ५:४,५)। जब पिडित, दविएका र शोषितभएकाहरूलाई उद्धार गर्न जब परमेश्वर देखा पर्नुभएको थियो त्यसबेला पृथ्वी हल्लेको थियो भन्ने दृश्य पुरानो करारभरी लेखिएको पाउँछौं (उदाहरणमा भजन ६८:७,८, भजन ६०:२, भजन ७७:१७,१८)। यसरी पृथ्वी हल्लिनु वा भूकम्प जानुको अर्थ परमेश्वरको न्यायको सूचित गर्दछ। पृथ्वीका मानिसहरूप्रति उहाँको अधिकार भएको भनेर पनि यसले देखाउँदछ। परमेश्वरको दिनमा वा अन्तको दिनमा पृथ्वी काम्नेछ वा हल्लिने छ भनेर परमेश्वरको अगमवक्ताहरूले उल्लेख गरेका छन् (यशैया १३:१३, यशैया २४:१८-२३)।

हिब्रूको पुस्तकको अनुसार आकाशहरू र पृथ्वी "हल्लिनु वा काँम्नु"को अर्थ परमेश्वरका शत्रुहरूको नाश भन्ने जनाउँछ। जब येशूलाई सिंहासनमा बसालिएको थियो, त्यसबेला यो अवस्था हुनेछ भनेर परमेश्वरले वाचा दिनुभएको छ। उहाँले येशूलाई भन्नुभयोः "तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ" (हिब्रू १:१३)। यसरी येशूले शत्रुलाई परास्त्र गर्नुभयो (हिब्रू २:१४-१६) र उहाँलाई सिंहासनमा बिराजमान गरियो (हिब्रू १:५-१४), तर उहाँका शत्रुहरू अझै पनि नाश भएको छैन (हिब्रू १०:११-१४,१ कोरन्थी १५:२३-२५)।

तर भविष्यमा ती शत्रुहरूलाई परमेश्वरले नाश गर्नुहुनेछ। त्यसबेला परमेश्वरले आकाशहरू र पृथ्वीलाई बेस्सरी हल्लाउनुहुनेछ। आकाश वा नक्षत्रहरू र पृथ्वी हल्लिनुको अर्थ, परमेश्वरका जनहरूलाई सताउने, यातना दिने वा कष्ट दिने पृथ्वीका अध्यात्मिक वा राजनैतिक शक्तिहरूको नाश हो। अझ, ठोसरूपमा भन्ने हो भने आकाशका शक्तिहरू अर्थात् सैतान र उसका पतित स्वर्गदूतहरूको सर्वनाश हो। यस संसारको राजनैतिक र अध्यात्मिक शक्तिको पछाडि रहेर र तिनीहरूलाई नियन्त्रण गरेर परमेश्वरका जनहरूलाई यातना दिने दुष्ट शक्तिहरू अर्थात् सैतान र उसका मतियार अर्थात् पतित स्वर्गदूतहरू हुन्।

**एकदिन सबैको न्याय हुनेछ भन्ने प्रतिज्ञा किन छ, अहिले दुष्ट वा खराब तत्वले मानिसहरूलाई हल्लाइरहेको छ, तर एक दिन तिनीहरूको नाश हुनेछ। विशेष गरेर दुष्टका हातबाट दुःखकष्ट, यातना वा सास्ती पाएकाहरूको निम्ति सैतान र उसका मतियारहरूको सदाको निम्ति नाश हुनेछ भन्ने वचन, के आशाको किरण होइन र?**

## ४. नहल्लिने राज्य

परमेश्वरले आकाशहरू र पृथ्वीलाई "हल्लाउनुहुनेछ" भनेर घोषणा गर्नुभएको छ। त्यसको अर्थ उहाँले शत्रु राष्ट्र वा जातिहरूलाई नाश गर्नुहुनेछ। तर, केही थोकहरू छन् जुन हल्लिनेछैन, न त नाश हुनेछ।

**देहायका पदहरू एक आपसमा तुलना गरेर पढ्नुहोस्। के कुराहरू हल्लिनेछैन? हेर्नुहोस्, भजन १५"१ हे परमप्रभु, तपाईंको पवित्रस्थानमा कसले वास गर्न पाउनेछ? तपाईंको पवित्र पर्वतमा को बस्न पाउनेछ? २ त्यो मानिस, जसको चाल निर्दोष छ, र जसले ठीक-ठीक काम गर्छ, र हृदयबाट सत्य बोल्छ, ३ जसले आफ्नो जिब्रोले अरूको निन्दा गर्दैन, जसले आफ्नो छिमेकीको बिगार गर्दैन, र आफ्नो साथी-भाइको अपवाद फैलाउँदैन, ४ जसले भ्रष्ट मानिसलाई घृणा गर्दछ, तर परमप्रभुको भय मान्नेहरूलाई आदर गर्दछ, जसले आफ्नो हानि हुँदा पनि आफूले प्रतिज्ञा गरेको कुरा बद्लँदैन, ५ जसले आफ्नो रुपियाँ व्याजमा लाउँदैन, र निर्दोषको विरुद्धमा घूस लिँदैन। यस्ता काम गर्ने कहिल्यै पनि डग्नेछैन।", भजन १६:८ "मैले परमप्रभुलाई सधैं मेरो सामुन्ने राखेको छु। उहाँ मेरो दाहिने हाततर्फ हुनुहुन्छ, यसकारण म डग्नेछैनँ।", भजन २१:७ "किनभने राजाले परमप्रभुमा भरोसा राख्छन्, र सर्वोच्च परमेश्वरको अचूक करुणाको कारण उनी कहिले पनि डग्नेछैनन्।", भजन ६२:२ "उहाँ मात्र मेरो चट्टान र मेरो उद्धारक हुनुहुन्छ, उहाँ मेरो किल्ला हुनुहुन्छ, म कहिल्यै डग्नेछैनँ।", भजन ११२:६ "६ धर्मी जन कहिले पनि डगमगाउँदैन, त्यसको सम्झना सदासर्वदा रहनेछ। ७ अशुभ समाचारले त्यो कहिले पनि डराउँदैन, परमप्रभुमा भरोसा गरेर त्यसको हृदय स्थिर रहन्छ। ८ त्यसको हृदय सुरक्षित रहन्छ, र त्यो डराउनेछैन। अन्त्यमा त्यसले आफ्ना शत्रुहरूलाई विजयमा हेर्नेछ। ९ त्यसले उदारतासाथ दरिद्रहरूलाई दान दिएको छ, त्यसको धार्मिकता सधैंभरि दिगो रहन्छ, सम्मानपूर्वक त्यसको शिर उच्च राखिनेछ।" र हिब्रू १२:२७ "२७ "अझ एक पल्ट" भन्ने वचनले यो देखाउँछ, कि हल्लाउन सकिने कुराहरू, अर्थात् सृष्टि भएका कुराहरू हटाइनेछन्, तर हल्लाउन नसकिने कुराहरू स्थिर रहनेछन्।**

कतिपय बाइबलका आधुनिक अनुवादहरूमा हिब्रू १२:२७मा उल्लेख गरिएको आकाशहरू र पृथ्वी हल्लिनुको अर्थ तिनीहरू सदाको निम्ति गायब हुनेछ भनेर अनुवाद गरिएको छ।

तर बाइबल स्पष्ट छ, कि परमेश्वरले नयाँ आकाशहरू र पृथ्वीलाई सृष्टि गर्नुहुनेछ (यशैया ६५:१७, प्रकाश २१:१-४), र हाम्रो पुनरुत्थान हुनेछ र नयाँ शरीर हुनेछ (१ थेस्सोलिनिकी ४:१३-१७, फिलिप्पी ३:२०)। त्यो पनि कुनै अपार, अदृश्य वा अस्तित्वहीन हुने स्थानमा नभएर यसै पृथ्वीमा हुनेछौं। तसर्थ, "हल्लाउनु"को अर्थ पापमय पृथ्वीलाई शुद्ध गर्ने र सृष्टिको जिर्णोद्धार गर्नु हो, तर यस पृथ्वीलाई सदाको निम्ति गायब पार्नु होइन। यहाँ जे पुनःसृष्टि हुन्छ त्यहाँ मुक्ति पाएकाहरू रहनेछन्। यद्यपि, यसै संसारमा केही थोकहरू छन्, जुन कहिल्यै पनि हल्लिने छैन न त हल्लिन सक्छ। तिनीहरू धर्मीहरू हुन्। तिनीहरूले परमेश्वरमाथि भरोसा र आस्था राखेकोले, जुनसुकै विषम् परिस्थतिको सामना गर्नुपरेतापनि तिनीहरू हल्लिनेछैन। तिनीहरूको जीवनरक्षाको निम्ति सृष्टिकर्ता परमेश्वरले सम्हाल्नुहुनेछ र तिनीहरूको उद्धार गरिनेछ भनेर उहाँ ग्यारेन्टी वा जमानत हुनुभएकोछ।

सधैं कायम हुने वा अनन्तता र स्थायीत्व, येशूसँग गाँसिएको हिब्रूको पुस्तकले देखाउँछ। हिब्रू १:१०-१२मा येशूको बारेमा यसरी लेखिएको छः "१० उहाँ फेरि भन्नुहुन्छ, “हे परमप्रभु, तपाईंले आदिमा पृथ्वीको जग बसाल्नुभयो, र आकाशमण्डल तपाईंका बाहुलीको काम हो। ११ तिनीहरू त नष्ट हुनेछन्, तर तपाईंचाहिँ रहिरहनुहुन्छ। तिनीहरू वस्त्रझैं पुराना भइहाल्नेछन्, १२ खास्टोझैं तपाईंले तिनीहरूलाई लपेट्नुहुन्छ, वस्त्रझैं ती फेरिनेछन्। तर तपाईं एकैनास हुनुहुन्छ, र तपाईंका वर्षहरूको अन्त्य कहिल्यै हुनेछैन।” हिब्रू ७:३,४मा यो पनि भन्दछ कि येशूको पूजारीपना सदाको निम्ति रहिरनेछ, साथै मुक्ति पाउनेहरूले पाउने सम्पत्ति पनि (हिब्रू १०:३४)। अन्तिम न्यायको समयमा, येशूमा बलियो पकड हुनेहरूलाई कसैले पनि डगमगाउन वा हल्लाउन सक्ने छैन (भजन ४६:५)।

हामीले "कहिल्यै पनि नहल्लिने राज्य पाउनेछौं" भनेर पनि हिब्रू १२:२८ले भन्दछ। यो दानिएल ७:१८सँगै सहमत भएको अभिव्यक्ति हो, जसमा लेखिएको छ "सर्वोच्चका पवित्र जनहरूले यो राज्य पाउनेछन् र सदासर्वदाको लागि अधिकार गर्नेछन्— हो, सदासर्वदाको लागि÷।" यो राज्य कहिल्यै पनि नाश हुनेछैन भनेर दानिएल २:४४मा उल्लेख गरिएको छ।

प्रकाश २०:४मा लेखिएको छ, "तब मैले सिंहासनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो।" हामीलाई सास्ती दिने दुष्ट शक्तिहरू, र पतित स्वर्गदूतहरूको न्याय हामीले गर्नेछौं भनेर पावलले ठोकुवा गर्दछ (१ कोरन्थी ६:३)।

**हल्लिनु भन्नेको अर्थ के हो? तपाईंको जीवनमा नडगमिन वा नहल्लिनको लागि साथ दिन तपाईंले के निर्णयहरू गर्नु आवश्यक छ? हेर्नुहोस्, "११ अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून्, १२ कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्, १३ जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं। *१४ यसरी हामी छालले अगि-पछि हुत्त्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फटयाइँले यताउता उड़ाइएका बालकहरूजस्ता नहोऔं*। १५ बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ। १६ उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ" (एफिसी ४:११-१६)।**

## ५. हामी आभारित होऔं

परमेश्वरले हाम्रो निम्ति अनेकौं अचम्म कामहरूलाई औंल्याएर हिब्रूको पुस्तकले अत्यन्तै महत्त्वपूर्ण अंशलाई निचोडमा ल्याउँदै यो उल्लेख गर्दछ कि त्यसको प्रत्युत्तरमा हामी उहाँप्रति आभारित हुँदै उहाँलाई सुहाउँदो वा ग्रहणयोग्य ठिक वा उचित किसिमको आराधना गर्नुपर्दछ।

**हिब्रू १२:२८ र हिब्रू १३:१५,१६ लाई एक आपसमा तुलना गर्नुहोस्। परमेश्वरलाई ग्रहण योग्य आराधना, भक्ति, उपासना हामी कसरी चढाउनुपर्दछ? हेर्नुहोस्, "यसकारण हल्लाउन नसकिने राज्य पाएकोमा हामी कृतज्ञ होऔं। त्यसैले हामी भक्ति र भयसाथ परमेश्वरलाई ग्रहणयोग्य हुने आराधना चढ़ाऔं" (हिब्रू १२:२८) र "१५ यसकारण परमेश्वरलाई येशूद्वारा प्रशंसाको बलि निरन्तर चढ़ाऔं। यो प्रशंसा उहाँको नाउँ स्वीकार गर्ने ओठको**

**फल हो। १६ भलाइ गर्न र आफूसँग भएका कुरा बाँड़चूँड़ गर्न नभुल, किनकि यस्तै बलिहरूमा परमेश्वर प्रसन्न हुनुहुन्छ" (हिब्रू १३:१५-१६)।**

पौराणिक करारको विधिमा जब मानिसहरूले पशुहरू बलि चढाउन ल्याउँदथे तब तिनीहरू पश्चाताप भएको र आफ्नो पापलाई क्षमा दिनुहुने परमेश्वरप्रति कृतज्ञ वा आभारित भएको देखाउँथे। तिनीहरूका ती कृतज्ञ र पश्चातापका बलिहरू आराधक वा भक्तहरूले सङ्केत वा प्रतिकको रूपमा थिए। तिनीहरूको हृदयमा परमेश्वरप्रतिको कृतज्ञता सजिएको थियो। तर, परमेश्वरले भजन र अगमवक्ताहरूद्वारा उहाँले यो स्पष्ट पार्नुभएको थियो कि पशुको रगतले होइन तर उहाँप्रति आभार भइरहने मनस्थिति, असल कामहरू, र भक्त तथा आराधकहरूको धार्मिक वा सत्य जीवनले उहाँलाई प्रसन्न पार्दछ (भजन ५०:७-२३, यशैया १:११-१७)। तसर्थ, स्वर्गमा रहेको पवित्रस्थानमा रहनुहुने परमेश्वरलाई प्रशंसा गर्दै, धन्यवाद दिँदै, पापको स्वीकार गर्दै तथा पश्चातापी हुँदै, भलाइको काम गर्दै आराधना गर्न पावलले हामीलाई आह्वान गर्दछन्। यस्तो खालको आराधना, उपासना, सेवासङ्गति नै सत्य हो र यसले परमेश्वरलाई अति प्रसन्न पार्दछ। यस संसारमा हामी प्रशंसा, पापको स्वीकार, पश्चाताप, धन्यवादको भेटी टक्राउँदै, भलो काम गर्दै बलि चढाउँछौं, तर यसरी  स्वच्छ हृदयले निर्मल हृदयले चढाएको बलि वा आराधना स्वर्गमा रहनुहुने परमेश्वरले खुशीभएर स्वीकार गर्नुहुन्छ। आफ्नो पुस्तकभरी लेखकले येशूको नाउँ हृदयमा सजाउन उपदेश तथा आह्वान गर्दछन् (हिब्रू ३:१, ४:१४, हिब्रू १०:२३) र परमेश्वरकहाँ आउनेमात्र होइन असल काम गर्न हामीले निरन्तरता दिनुपर्छ भनेर आफ्नो उपदेशलाई हाम्रो सामु राख्दछ (हिब्रू ६:१०-१२; हिब्रू १३:१,२,१६)।

परमेश्वरलाई ग्रहणयोग्य आराधना गर (हिब्रू १२:२८) भनेर जब आफ्ना पाठकहरूलाई पावलले आह्वान गर्दछन् तब येशूका भक्तहरू सत्यरूपमा पुजारी राष्ट्र वा जनहरू हुन् जसलाई येशूको बलिले पवित्र र सिद्ध बनाइएको छ (हिब्रू १०:१०-१४, १९-२३)। यसले सुरुमा इस्राएलप्रतिको परमेश्वरको लक्ष्य पूरा भएको देखाउँछ। ती इस्राएलीहरू पुजारी राष्ट्र वा जनहरू होउन् जसले सारा संसारलाई मुक्तिको सुसमाचार सुनाउन समर्थ होउन् भन्ने परमेश्वरको चाहना थियो (प्रस्थान १९:४-६; १ पत्रुस २:९; प्रकाश १:६, प्रकाश ५:१०)।

हामी कसरी असल हुने र हामीसँग भएका आशिषहरू कसरी बाँडचुँड गर्ने भनेर हिब्रू १३:१-६मा व्यवहारिक तरिकाले व्याख्या गरिएको छ। जसरी येशूले हामीलाई भातृप्रेम देखाउनुभयो हामीले पनि एक आपसमा भातृप्रेम देखाउनुपर्दछ (हिब्रू २:११,१२)। हामी अतिथी सत्कारमा उत्सुक हुनुपर्दछ, झ्यालखानामा बन्दी बनाराखेकाहरूलाई भेट्न जानुपर्दछ वा जसलाई दुर्व्यवहार गरिएको छ तिनीहरूलाई भेट्न जानुपर्दछ (हिब्रू १३:३), र कुनै किसिमको लोभ, अनैतिक र व्यभिचार गर्ने प्रवृत्तिलाई ठाडै अस्वीकार गर्नुपर्दछ।

**असल कामहरू र हामीसँग भएको भौतिक आशिषहरूलाई बाँड्नु परमेश्वरलाई आराधना गर्नुको एक भाग हो भन्ने कुरा मनमा राख्न किन जरुरी छ? फेरि त्यसैबखत, हामीले परमेश्वरको नाउँमा गरिने कुनै पनि आत्मिक सेवा र बलिहरू भ्रष्ट पनि हुन सक्छ भन्ने कुरामा हामी कसरी सजग हुने? हेर्नुहोस्, यशैया १:१०-१७ "१० हे सदोमका शासकहरू हो, परमप्रभुको वचन सुन! हे गमोराका मानिस हो, हाम्रा परमेश्वरको कानून ध्यान दिएर सुन! ११ परमप्रभु भन्नुहुन्छ, "तिमीहरूका बलिदानहरूको थुप्रो मेरो निम्ति के काम लाग्छ? म त भेड़ाहरूका होमबलि र पालेका मोटा पशुहरूका बोसोका होमबलिदेखि अघाएको छु। साँढ़े, थुमा र बोकाहरूको रगतदेखि म प्रसन्न हुन्नँ। १२ जब तिमीहरू मसँग भेट्नलाई आउँछौ, तिमीहरूले चढ़ाएका यी थोकहरू कसले चाहन्छ र? मेरा आँगनहरू खुट्टाले कुल्चीमिल्ची गर्न कसले तिमीहरूलाई भनेको छ र? १३ व्यर्थका बलिहरू नल्याओ। तिमीहरूको धूप त मेरो निम्ति घिनलाग्दो छ। औंसी, शबाथ, र सभाहरूका साथसाथै तिमीहरूका दुष्ट जमघटहरू म सहन सक्दिनँ। १४ तिमीहरूका औंसीका दिनहरू र ठहराएका चाड़हरूलाई मेरो हृदयले घृणा गर्छ। ती त मेरो निम्ति भार भएका छन्। ती बोक्दा-बोक्दा म थाकेको छु। १५ तिमीहरूले प्रार्थनामा आफ्ना हात पसार्दा, म मेरा आँखा तिमीहरूदेखि छोप्नेछु। तिमीहरूले ज्यादै प्रार्थना गर्दा पनि म सुन्नेछैनँ। तिमीहरूका हात रगतले भरिएका छन्। १६ आफूलाई धोएर चोखो पार। मेरो नजरबाट तिमीहरूका दुष्ट कामहरू फालिदेओ! खराबी गर्न छोड़। १७ भलाइ गर्न सिक! न्याय खोज, अत्याचारमा परेकाहरूलाई प्रोत्साहन देओ, टुहुरा-टुहुरीको रक्षा गर, विधवाको पक्षमा बोलिदेओ।"**

**उपसंहारः**

**थप जानकारीः** "पहिलो र दोस्रो पुनरुत्थान हुनुभन्दा अघि एक हजारवर्षको दौरानमा दुष्टहरूको न्याय भइरहेको हुन्छ। यो न्यायको मामिलापछि येशूको दोस्रो आगमन हुनेछ भनेर प्रेरित पावलले औंल्याउछन्। १ कोरन्थी ४:५मा उनले बताउँदछन्, "यसकारण तोकिएको समयभन्दा अघि न्याय नगर, प्रभु आउञ्जेल पर्ख। उहाँले अँध्यारोमा लुकेका कुराहरूलाई प्रकाशमा ल्याउनुहुनेछ, र मानिसका हृदयका अभिप्रायहरू प्रकट गरिदिनुहुनेछ। तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसा पाउनेछ। दानिएलले यो घोषणा गर्दछन्, "जबसम्म ती अति प्राचीन आएर सर्वोच्चका पवित्र जनहरूको पक्षमा इन्साफको घोषणा गरे, अनि समय आयो जब तिनीहरूले राज्य अधिकार गरे।" दानिएल ७:२२। त्यसबेला धर्मीहरू राजाहरू र पुजारीहरू भएर राज्य गर्नेछन्। यूहन्नाले प्रकाशको पुस्तकमा यसरी लेख्दछन्ः "४ तब मैले सिंहासनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो। तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसका मूर्तिको पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें। तिनीहरू फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे। ५ अरू मरेकाहरूचाहिँ ती एक हजार वर्ष नबितुञ्जेल जीवित भएनन्। यो पहिलो पुनरुत्थान हो। ६ पहिलो पुनरुत्थानमा सहभागी हुनेहरू धन्य र पवित्र हुन्। यिनीहरूलाई दोस्रो मृत्युको शक्तिले केही गर्न सक्दैन, तर तिनीहरू परमेश्वर र ख्रीष्टका पूजाहारी भएर उहाँसँग एक हजार वर्षसम्म राज्य गर्नेछन्।" प्रकाश २०:४-६। यही समयमा सन्तहरूले संसारको न्याय गर्नेछन् भनेर पावलले भविष्यवाणी गरेका थिए (१ कोरन्थी ६:२)। ख्रीष्टसँग एक भएर तिनीहरूले दुष्टहरूको इन्साफ गर्नेछन्। बाइबलमा भएका तिनीहरूको बारेमा लेखिएको लागतमा तिनीहरूको काम हेर्नेछन्, र प्रत्येक व्यक्तिले शरीरद्वारा गरिएको कामलाई नियाल्दै उसको बारेमा निर्णय गर्नेछन्। अनि दुष्टले आफ्नो काम अनुसार प्रतिफल पाउनेछन्; र तिनीहरूका नाउँहरू तिनीहरूको विरुद्धमा मृत्युको पुस्तकमा लेखिन्छ। सैतान र दुष्ट वा पतित स्वर्गदूतहरूको पनि ख्रीष्ट र उहाँका जनहरूले इन्साफ गर्नेछन्। पावलले यो ठोकुवा गरेर सोध्छन्ः "के तिमीहरूलाई थाहा छैन, हामी स्वर्गदूतहरूको न्याय गर्नेछौं? उसो भए यस जीवनमा हुने कुरा ठूला हुन् र?" १कोरिन्थी ६:३। अनि यहूदाले यो घोषणा

गर्दछन्, "आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदूतहरूलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ ।" यहूदा ६।—एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी* ६६०बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. मुक्ति पाएका जनहरूले स्वर्गमा हजार वर्षसम्म दुष्टहरूको न्यायमा परमेश्वरसँग सहभागी हुनेछन् भनेर १ कोरन्थी ६:३ र यहूदा ६मा हामीले पढ्यौं। पापी, अधर्मी, दुष्ट र खराब मानिसहरू, सैतान र पतित स्वर्गदूतहरूको जीवन कहानी र तिनीहरूको चर्तिकला, नियत वा क्रियाकलापहरू त्यसबेला पर्दाफास हुनेछ। तिनीहरूप्रति परमेश्वरको व्यवहारमा उहाँ कतिको असल र उचित वा न्यायोचित हुनुहुन्थ्यो भनेर उहाँले हामीलाई पार्दर्शिकरूपमा देखाउनुहुनेछ अर्थात् तिनीहरू स्वर्गको राज्यमा किन सहभागी हुन पाएनन् भनेर दुधको दुध पानीको पानी छुट्याएर हाम्रो र सारा जगतको सामु उहाँले प्रस्तुत गर्नुहुनेछ। परमेश्वर न्यायी, सदाशयी, अनुग्रही, धिरजी, सहनशिल, मायालु जस्ता गुणहरूले सजिनुभएकोलाई ती दुष्ट, पापमै बस्न रुचाउने र सैतान जस्ता तत्वहरूले उहाँको छवीलाई धमिलो पारेको छ। न्यायको समयमा परमेश्वर कतिको भलो र न्यायोचित हुनुहुन्छ भन्ने कुरालाई हामी प्रत्यक्षदर्शी हुने कुरामा के हामी उत्सुक छैनौं र?**

**आ. प्रकाश १३:८ र प्रकाश १७:८ मा स्वर्गमा परमेश्वरले पुस्तकहरू राखिएका छन् भनेर सम्बोधन गरिएको छ। ती पुस्तकहरूमा केको लेखा राखिएको छ? हामीहरूका आँशुहरू (भजन ५६:८), पीडाहरू, कष्टहरू, सैतान र उसका मतियारहरूले दिएका यातनाहरूको प्रत्येक टिपोट उहाँले राख्नुभएकोमा त्यसको महत्त्व के छ? परमेश्वरलाई सबै थोक थाहा छ यद्यपि, ती पुस्तक अर्थात् लेखाहरूको लक्ष्य के हो?**

**इ. हिब्रूको पुस्तकले आफ्ना भनाइहरू दानिएल ७मा उल्लेखित प्रतिज्ञाहरूसँग गाँसेर समापन गरेको किन महत्त्व होला? स्वर्गको पवित्रस्थानमा येशूको सेवाकार्य गरिरहनुभएकोसँग जोडिएकोले पावल र दानिएल एक आपसमा सहमत भएको किन उल्लेखनीय मान्नुपर्दछ। युगको अन्तमा पृथ्वी र पतित तत्वहरूको पतन हुनेछ भनेर हामीलाई दानिएल ७ ले कसरी सिकाउँछ?**

## कथा १२
## क्षमा दिने आमा, भाग २
## चारमेन कु, ३८, थाइलान्ड



प्रभुलाई कतिपटक प्रश्न गर्दै मैले दुई वर्षसम्म प्रार्थना गरें। मेरो पापमबाट उहाँले हटाइदिउन् भन्ने मैले चाहना गरेका थिएँ। "प्रभु यसरी म कतिवर्ष जाने? केही त गर्नुहोस्," मैले प्रार्थना गरें। सन २०१८मा मेरो दुई बहिनीहरू पारिवारिक मिलनको निम्ति मलेसियाबाट आएका थिए। मेरि बहिनी र ज्वाईं अमेरिकाबाट आएका थिए भने मेरो कान्छो भाइ थाइलान्डबाट आएको थियो। मभन्दा ११ वर्षको कान्छो भाइ लुथरले मेरी आमा र मसँग राम्रो बोलिचाली नभएको महसुस गर्यो। थाइलान्डमा फर्कनुभन्दा अघि उसले मेरो टेबुलमा भएको आराधना पुस्तकमा एउटा पत्र छोडेर गयो। उसले यसरी लेखेको थियो, "दिज्यु, मेरो भारी मनले यो पत्र तपाईंलाई लेख्दैछु। तपाईंले धेरै सत्य कुराहरू सिक्नुभयो र तपाईंको जीवनमा सकारात्मक परिवर्तन आएकोले म प्रभुलाई धन्यबाद दिन चाहन्छु। मेरी दिदी प्रभुमा आनन्दसाथ हिँडिरहेको देखेर मलाई खुशी लाग्छ। तपाईंप्रति मेरो गौरब छ र उहाँको धन्यवाद होस्। केही समयको आफ्नै पापसँग सङ्घर्ष र प्रार्थनापछि मैले यो पत्र लेख्न सुरु गरेको छु। हाम्रो आमासँग तपाईंको सम्बन्ध ठिक नभएकोले मलाई दुःख लागिरहेको छ। हाम्रो आमा सिद्ध छैन भन्ने कुरा मलाई थाहा छ। कहिलेकाहीं उहाँ रिसाउनुहुन्छ। तैपनि, प्रभुले हामीलाई माया गर्न, स्याहार गर्न, आदर गर्न र आज्ञाकारी हुन सिकाउन आमा दिनुभएको छ। हाम्रो आमाको कमिकमजोरीहरू छन् तर उहाँले हामीप्रति जहिले पनि हित चाहनुहुन्छ। उहाँले जस्तो उहाँलाई हामीले कहिल्यै सायद बुझ्न नसकौंला। आमाप्रति तपाईंले देखाउनुभएको रिसले मलाई डर लगाइरहेको छ। तपाईं हठी, रिसाह र आफ्नो स्वार्थमात्र हेर्नुहुन्छ। यसले गर्दा मानिसहरूले तपाईंलाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुने संभावना मैले देखिरहेको छु। तपाईंको जीवन तपाईंले आमासँग कसरी व्यवहार गर्नुहुन्छ भन्ने कुरामा भर पर्दछ। म तपाईंलाई प्यार गर्छु र तपाईं सुध्रियोस् भन्ने

चाहनाले म यो पत्र लेख्दैछु। पवित्र आत्माले तपाईंको जीवनमा काम गर्नुभएर आमासँग सुमधुर पुनर्मिलन होस् भन्ने चाहना म गर्दछु। प्रभुले तपाईंलाई आशिष दिउन्। तपाईंको मायालु बालक भाइ।" यो पत्र पढेपछि एक घन्टाभन्दा बेसी म रोएँ। प्रभुसँग क्षमा माग्दै र भाइको पत्रदेखि आभारित भएर उहाँलाई धन्यवाद दिएँ। मेरो शारीरिक दिमागले आमालाई अनादर गर्ने बानी भएतापनि मैले आमासँग बोल्न सुरु कस्न थालें। प्रभुले मेरा प्रार्थनाका जवाफहरू सुन्नुभयो। उहाँले प्रतिज्ञा गर्नुभएको छ, "अनि म तिनीहरूलाई विभक्त नहुने हृदय दिनेछु, र तिनीहरूमा एउटा नयाँ आत्मा हालिदिनेछु। म तिनीहरूबाट ढुङ्गाको हृदय निकालेर मासुको हृदय हालिदिनेछु। २० तब तिनीहरू मेरा विधिहरूमा चल्नेछन्, र मेरा नियमहरू पालन गर्न होशियार हुनेछन्, र तिनीहरू मेरा प्रजा हुनेछन्, अनि म तिनीहरूका परमेश्वर हुनेछु," (इजकिएल ११:१९-२०)। पवित्र आत्माको शक्तिले मेरो आमासँग मेरो सम्बन्ध सुमधुर हुन पुग्यो। बिग्रिएको सम्बन्ध मर्मत गरेर म घर छोडें। त्यसपछि म मलेसियाको बाइबल तालिम स्कूलमा भर्ना भएँ। आमाले मलाई माया गरेर हवाई जहाजबाट पठाउनुभयो। यो दश वर्षपछि आमाको पहिलो म्वाई थियो। छ महिनापछि म थाइलान्डको एडभेन्टिस्ट स्कूलमा काम गर्न गएँ। यदि आमासँग नमिलि म घरबाट निस्केको थिएँ भने मैले कसैलाई दोष दिन ठाउँ त थिएन। तर मेरो हृदयमा प्रभुले पाप राख्न दिनुभएन। उहाँले आफ्नो सही समयमा मेरो जीवनमा काम गर्नुभएर, मेरो पापबाट पखालेर म थाइलान्डमा सफा दिमागले काम गर्न सक्नेभएँ।